नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं.: ४-२६२५४३
४-२६२५९०
४-२६२९३५
४-२६२८९६
फ्याक्स: ४-२६२८९६
Website: mohp.gov.np

रामशाहपथ
काठमाडौ, नेपाल

प.सं.: २०७१।०७२
च.नं. :

मितिः २०७२।०१/२०

**बिषयः उद्धारकर्ता, घाईते एवं आम नागरिकहरुलाई जानकारीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको प्रेस विज्ञप्ती**

भूकम्प पिडित तथा घाईतेहरुको उद्धार, उपचार तथा बिपद पश्चात हुने महामारीजन्य रोगहरु रोकथामको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट मिति २०७२/०१/२० गते १२ बजे सम्म गरेको कार्य देहाय बमोजिम रहेको कुरा सबैको जानकारीको लागि प्रेषित गरिन्छ ।

### १. राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्धारकर्मी तथा उपचार टोलीहरुको परिचालन तथा अनुगमन

- मिति २०७२/०१/२० गते १२ बजे सम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ७० वटा अन्तराष्ट्रिय टीम परिचालन भएका छन् जसमा ७०० भन्दा बढी मेडिकल विशेषज्ञहरु रहेका छन् ।
- १०० भन्दा बढी राष्ट्रिय तथा गैर आवाशिय नेपाली मेडिकल विशेषज्ञहरुको टिम परिचालन भएका छन् जसमा १००० भन्दा बढी डाक्टर, नर्स र स्वास्थ्यकर्मीहरु भूकम्प प्रभावित क्षेत्रहरुमा परिचालन गरिएको छ ।
- माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री खगराज अधिकारीज्यूबाट रामदलगणमा India field hospital, बुग्मती, खोकनामा बङगलादेश मेडिकल टिमको, इजराइली अस्पताल छाउनीको, सल्लाघारीमा पाकिस्तान मेडिकल टिमको नीरिक्षण गर्नु भएको छ ।
- Bangladesh North East Medical Team सिन्धुपाल्चोको मेलम्चीमा, Fu Medical International Aid सिन्धुपाल्चोकको जलविरेमा, Medical National Hospital सिन्धुपाल्चोकको ऐसेलुखर्कमा, Spain SOS Himalayan भक्तपुरमा, UK Aid International काठमाण्डौंको जोरपाटीमा रहेको अर्थोपेडिक अस्पतालमा, UK Medical Team धुलिखेल अस्पताल र काठमाण्डौंको प्रहरी अस्पताल तथा नेपाल मेडिकल कलेज अस्पतालमा परिचालित भएका छन ।

### २.उपकरण र औषधि पठाईएको स्थानहरु

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पबाट प्रभावित जिल्लाका बिभिन्न स्वास्थ्य संस्थाहरुमा निरन्तर रुपमा औषधि र उपकरणहरु पठाईरहेको छ ।
- केन्द्रिय दैबि प्रकोप उद्धारकोषबाट प्राप्त रु २ करोड र नेपाल सरकारको रु १ करोड ३० लाख गरी हालसम्म जम्मा रु ३ करोड ५८ लाख रुपैयाँ बजेट औषधि उपकरण र प्रकोप नियन्त्रण कार्यमा मात्र खर्च गर्ने गरी बाँडफाँड गरेर मिति २०७१।१।१९ गते नै विभिन्न स्वास्थ्य संस्थाहरुमा पठाई सकिएको छ ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

फोन नं.: ४-२६२५४३
४-२६२५९०
४-२६२९३५
४-२६२८९६
फ्याक्स: ४-२६२८९६
Website: mohp.gov.np

रामशाहपथ
काठमाडौं, नेपाल

प.सं.: २०७१।०७२
च.नं. :

३. उपचार गरिएको बिरामी तथा घाइतेको संख्या

- मिति २०७२/०१/१९ गतेसम्म उपचार पाएका घाईते तथा बिरामीको जम्मा संख्याः १८,२६१धादिङ: ६६४
- सिन्धुपाल्चोक १२२०
- दोलखा २१६
- नुवाकोट ४३८५
- निजामती अस्पताल २२००
- भक्तपुर २२५८
- रामेछाप २००
- काभ्रे ३६५९
- सिन्धुली १३३
- गोरखा ३७२
- रसुवा ६००
- मकवानपुर ३००
- काठमाण्डौ मेडिकल कलेज दुवाकोट ८९८
- लमजुङ १९३
- बीर अस्पताल ५७५
- ओखलढुङ्गा ८८
- काठमाण्डौं उपत्यकाका खुला शिविरमा परिक्षण गरिएको घाईते तथा बिरामीको संख्या ३०० भन्दा बढी छ ।

**४. महामारी रोकथामका लागि गरिएको प्रयासहरु**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले Out Break Prevention सम्वन्धि कार्यहरु ५९ जना well Equipped Chinese Public Health Experts हरु संग मिलेर महाभूकम्प वाट प्रभावित विभिन्न जिल्लाहरुमा गई महामारी फैलिन नदिनको लागि विभिन्न किसिमका जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिरहेका छन ।
- नेपाली चलचित्र कलाकारहरुले भूकम्प प्रभावित काठमाण्डौं, ललितपुर र भक्तपुरमा जनचेतना कार्यक्रम संचालनलाई निरन्तरता दिई कार्य गर्न टीम बनाई खटिएका छन् । सो कलाकार टोलीहरुले महामारीजन्य रोगहरु रोकथाम तथा दादुरा र रुबेला खोप बालबालिकालाई लगाउनको लागि जनचेतना जगाउने कार्यमा खटिने छन् साथै सो कार्यक्रमको लागि उपलब्ध भएको स्वास्थ्य सूचना सामग्रीहरुको वितरण तथा माईकिङ द्वारा समेत सचेतना फैलाउने कार्यमा समेत सहयोग गर्नेछन् ।

**५. औषधि तथा स्वास्थ्यकर्मीको व्यवस्था र अन्य विषय**

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भूकम्पवाट प्रभावित विरामी तथा घाइतेहरुको उपचार तथा सूचनाको उपलब्धतामा सहजताका लागी टोल फ्री नं १६६००१३३४४४ आजदेखि संचालनमा ल्याएको छ । यदि कुनै ठाँउवाट स्वास्थ्य सम्वन्धि जानकारी लिन वा दिन परेमा माथि दिएको टोल फ्रि नम्वरमा २४ सै घण्टा सम्पर्क गर्नु हुन अपिल गरिएको छ ।

डा. गुणराज लोहनी
सदस्य सचिव एवं प्रवक्ता
विपद व्यवस्थापनको लागि केन्द्रिय समन्वय समिति
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय